लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

मा.जन्मजय तिमिल्सिना
मन्त्री
मोबाइल नं. ९८५१०७००४१
jjsachiwalaya@gmail.com

पत्र संख्या:२०८२/०८३
चलानी नं.

मिति: २०८२।०४।२०

## बधाई तथा शुभकामना।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०८२ साल वैशाख २१ गतेदेखि ऐ. जेठ २ गतेसम्म सञ्चालन भएको कक्षा १२ को नियमित/आंशिक परीक्षार्थीहरूको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०८२/०४/१९ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ। नतिजाअनुसार नियमित परीक्षामा सहभागी भएका ३,९६,३४७ परीक्षार्थीमध्ये ३.६१ जिपिए देखि ४ जिपिए सम्म १३,५०२ जना, ३.२१ जिपिए देखि ३.६० जिपिए सम्म ५५,८९६ जना, २.८१ जिपिए देखि ३.२० जिपिए सम्म ९४,२६८ जना, २.४१ जिपिए देखि २.८० जिपिए सम्म ६९,८१२ जना, २.०१ जिपिए देखि २.४० जिपिए सम्म ८,९६४ जना, १.६१ जिपिए देखि २.० जिपिए सम्म २३ जना गरी जम्मा २,४२,४६५ वर्गीकृत भएका छन्। अवर्गीकृत परीक्षार्थीको सङ्ख्या १,५३,८८२ रहेको छ। यसरी हेर्दा वर्गीकृत हुने परीक्षार्थी सङ्ख्या ६१.१७ प्रतिशत रहेको छ।

लुम्बिनी प्रदेशको नतिजा अनुसार नियमित परीक्षामा सहभागी भएका ६६,०८६ परीक्षार्थीमध्ये ३.६१ जिपिए देखि ४ जिपिए सम्म १,५४३ जना, ३.२१ जिपिए देखि ३.६० जिपिए सम्म ८,०९९ जना, २.८१ जिपिए देखि ३.२० जिपिए सम्म १४,४४७ जना, २.४१ जिपिए देखि २.८० जिपिए सम्म ११,३४४ जना, २.०१ जिपिए देखि २.४० जिपिए सम्म १,३२९ जना, १.६१ जिपिए देखि २.० जिपिए सम्म १ जना गरी जम्मा ३६,७६३ वर्गीकृत भएका छन्। अवर्गीकृत परीक्षार्थीको सङ्ख्या २९,३२३ रहेको छ। यसरी हेर्दा वर्गीकृत हुने परीक्षार्थी सङ्ख्या ५५.६३ प्रतिशत रहेको छ।

वर्गीकृत भएका विद्यार्थीलाई बधाई तथा अवर्गीकृत हुने विद्यार्थीलाई आगामी परीक्षामा वर्गीकृत हुनका लागि शुभकामना छ। यस प्रदेशमा परीक्षा व्यवस्थापन गर्न सहयोग गर्नुहुने शिक्षक, अभिभावक, राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश परीक्षा व्यवस्थापन समिति, जिल्ला परीक्षा समन्वय समिति, सुरक्षा निकाय लगायत सेवा प्रदायक विभिन्न निकाय, सञ्चार माध्यम तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैप्रति धन्यवाद प्रकट गर्दछु।

जन्मजय तिमिल्सिना
मन्त्री

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री